# क्रोमबुकपरिचय र सेटअप

क्रोमबुक एक चलाउन सजिलो ल्यापटप हो जुन गुगलको क्रोम अपरेटिंग सिस्टममा चल्छ | यी कम्प्युटरहरु इन्टरनेट जोडिएर चलाउनको लागि बनेका हुन् | क्रोमबुक सेटअप गर्न तपाईलाई इन्टरनेट आवश्यक हुन्छ | तपाईले सुरु गर्नु भन्दा पहिले, तपाईले वाईफाई वा इन्टरनेट नेटवर्कको नाम र पासवर्ड थाहा पाउनु पर्छ |

## १. क्रोमबुक अन गर्ने

क्रोमबुकलाई चलाउन पवर कर्डलाई बिजुलीको श्रोतमा जोडेर चार्ज गर्नुहोस र पावर बटन थिचेर अन गर्नुहोस |




Power बटन
माथि दायाँ तिर

## २. तपाईको क्रोमबुकलाई सेटअप गर्ने तरिका |

जब तपाई पहिलोचोटी क्रोमबुक खोल्नु हुन्छ, तपाईले क्रोमको लोगो देख्नुहुन्छ | जब वेलकम विन्डो देखा पर्छ, निलो **Let's go** बटनमा थिच्नुहोस |


आफ्नो भाषा छानेर सुरुवात गर्नुहोस | तपाईले छानेको स्थाई वा छनोटको भाषाको लागि हुने किबोर्ड पनि छान्न सक्नुहुन्छ | यदि चाहिएमा, निलो Accessibility थिचेर पहुँचसम्वन्धि सेटिंग अन गर्नुहोस |




निलो **Let's Go**
बटनमा थिचेर काम
जारि राख्नुहोस

## ३. Connect to Network स्क्रिनमा तपाईले चाहेको नेटवर्क छान्नुहोस् |


त्यसपछि, **Open the Network**मा क्लिक गर्नुहोस र तल झरेर देखापर्ने लिस्टबाट तपाईले जोडिन चाहेको नेटवर्क छान्नुहोस | तपाईले देख्ने अन्य नेटवर्कका नामहरु नजिकैका ब्यापारहरु र घरहरुका हुन् र तिनलाई बेवास्ता गर्नुहोस | एक पप-अप विन्डो देखा पर्छ | तपाईको वाईफाई पासवर्ड राख्नुहोस र Connect मा क्लिक गर्नुहोस | एकचोटी तपाईको क्रोम बुक इन्टरनेटमा जोडिएपछी , **Continue** मा क्लिक गर्नुहोस जुन विन्डोको तल पट्टि रहेको हुन्छ |




## ४. तपाईको गुगल अकाउन्टमा साइन इन गर्नुहोस |

तपाईको धेरै प्रयोग हुने गुगल अकाउन्टबाट आफ्नो क्रोमबुकमा साइन इन गर्नुहोस वा तपाईको अकाउन्ट छैन भने नयाँ बनाउनुहोस् | अकाउन्ट बनाउन सजिलो छ, त्यसको निर्देशन अर्को पानामा हेर्नुहोस | (नोट: यो अकाउन्ट क्रोमबुकको धनिको रुपमा दर्ता हुन्छ र यो अकाउन्टबाट मात्रै क्रोमका केहि सेटिंगहरु परिवर्तन गर्न सकिन्छ)

- गुगल अकाउन्ट क्रोमबुकको पुरा प्रयोग गर्ने मध्यम हुन् | तपाईले समय समयमा guest मोड प्रयोग गर्न सक्नुहुन्छ, यदि कसैले तपाईको क्रोमबुक सापट लीएको खण्डमा | क्रोमबुक अकाउन्टको माध्यमबाट चल्छन, र गुगलका सबै सेवाहरु व्यक्तिगत अकाउन्टसंग बाँधिएका हुन्छन, त्यसैले कम्प्युटर बाँड्न सजिलो हुन्छ किनभने सबै अकाउन्टका सूचनाहरु अलग हुन्छन |




यदि तपाईको पहिले नै
गुगल अकाउन्ट छ भने
साइन इन गर्नुहोस

## ५. गुगल एकाउन्ट खोल्ने तरिका

पहिला More Options मा क्लिक गर्नुहोस र निम्न न्युनतम सूचना दिनुहोस:

- आफ्नो नाम लेख्नुहोस |
- एक प्रयोगकर्ताको नाम छान्नुहोस् |
- एकदम बलियो पासवर्ड छान्नुहोस् जुन मानिसहरुले अन्दाज गर्न नसकुन |
- यदि तपाईलाई आफ्नो जन्म दिन राख्न मन छैन भने कुनै पनि मिति राख्नुहोस |
- तपाईको फोन नं र बैकल्पिक इमेल पनि राख्नुहोसता कि तपाईले यदि आफ्नो पासवर्ड बिर्सिएमा नयाँ पासवर्ड बनाउन सजिलो होस | यो सूचना तपाईको अस्वाभाविक परिस्थितिमा अकाउन्टलाई सुरक्षित राख्न पनि प्रयोग गर्न सकिन्छ | *तपाईले यो सूचना दिनै पर्छ भन्ने छैन* |
- सेवाका शर्तहरु निजि सूचनाहरु सुरक्षित गर्ने बारेका नीतिहरु पुनरावलोकन गर्नुहोस र बकसमा थिचेर शर्तहरु मान्नुहोस |


## ६. स्वागत छ!

तपाईले अकाउन्ट बनाइ सकेपछि तपाईले गुगलको वेब पेज देख्न सक्नुहुन्छ जसले तपाईको अकाउन्टको सामान्य सूचना बताउंछ |


जब तपाई लग इन गर्नुहुन्छ, तपाईलाई गुगल प्लेका सेवाको शर्तहरु प्रदान गरिन्छन, जहाँ तपाईले अनुमतिहरु वा तपाईंका रोजाईहरु आफ्नो कम्प्युटरको लागि रोज्न सक्नुहुन्छ | त्यसले तपाईलाई गुगल ड्राइभ ब्याकअपहरू बन्द गर्ने भनेर सोध्ने छ | More र Use Location मा क्लिक गर्नुहोस (जहाँ याप र सेवाहरुले तपाईको क्रोमबुकको स्थान सम्वन्धि सूचना प्रयोग गर्छन)| गुगलले यसलाई पुरा रुपमा प्रयोग गर्न सुझाएको छ | सकिएपछि Acceptमा थिच्नुहोस |

गुगल सेवाका सेटिंगहरु, जसमा स्थान सम्वन्धि सूचना र ब्याकअप छनोटहरु पनि पर्छन, Accept थिचेर जारि राख्नुहोस |


सुरुवाती सिस्टमको सेट अप सकियो, अन्तिम बैकल्पिक काम भनेको तपाईले आफ्नो क्रोमबुकको बारे बुझ्ने यात्रा (टुर) गर्नु हो | टुरको लागि चाहिने कामहरु गर्नुहोस, यो छिट्टै सकिन्छ र सुचानावर्धक हुन्छ | यदि तपाई चाहनु हुन्न भने, तपाईले x मा क्लिक गर्न सक्नुहुन्छ जुन माथि दायाँ तिर हुन्छ |





More options मा क्लिक गरेर नयाँ खाता खोल्नुहोस |





नाम, चाहेको इमेल ठेगाना र पासवर्ड राख्नुहोस





अनिवार्य नभएका सूचनाहरु चाहे भर्नुहोस् र मिति दिनुहोस, अनि Next **मा क्लिक गर्नुहोस**




निलो I agree मा क्लिक गरेर प्रक्रिया जारि राख्नुहोस




गुगल सेवाका सेटिंगहरु जसमा स्थान र ब्याक अपको रोजाई पनि पर्छन निलो Accept थिचेर प्रक्रिया जारि राख्नुओस्




निलो Take a Tour बटनमा थिचेर क्रोमबुकको थप जानकारी प्राप्त गर्नुहोस |

### प्रश्नहरु छन्?

थप सहयोगको लागि, इमेल पठाउनुहोस:
connectingportland@portlandoregon.gov